# REGIONAL NEWS UNIT
# ALL INDIA RADIO GANGTOK
# NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs. Date: 11.09.2025

**Nathula Vijay Diwas: Dilliram Dulal/Anushila**

नाथुला विजय दिवसका अवसरमा आज नथुला पासमा भव्य र ऐतिहासिक समारोह आयोजना गरियो, जसमा राज्यपाल ओमप्रकाश माथुर प्रमुख अतिथिका रूपमा उपस्थित हुनुभयो। यो दिवस १९६७ मा नथुला र चो ला पासमा भारतीय सेनाको विजयको सम्झनामा मनाइन्छ। राज्यपालद्वारा सेरेथाङ युद्ध स्मारकमा शहीदहरूलाई श्रद्धाञ्जली अर्पण गरी कार्यक्रम प्रारम्भ भयो। यस अवसरमा मुख्यमन्त्री प्रेमसिंह तामाङ पनि उपस्थित हुनुहुन्थ्यो। समारोहमा सेनाले १९६७ को ऐतिहासिक भिडन्तबारे सङ्क्षिप्त जानकारी दियो। यसपछि, राज्यपालले स्वर्गीय लेफ्टिनेन्ट जनरल सगत सिंहको प्रतिमा अनावरण गर्नुभयो, जसले त्यस युद्धमा भारतीय सेनाको नेतृत्व गर्दै अतुलनीय साहस र रणनीति प्रदर्शन गरेका थिए। सम्बोधनमा, राज्यपालले भन्नुभयो, "नाथुला विजय दिवस भारतको सैन्य इतिहासको एक स्वर्णिम अध्याय हो। आज यो ऐतिहासिक कार्यक्रममा उपस्थित हुन पाउनु मेरो सौभाग्य र गर्वको कुरा हो।" राज्यपालले सबैलाई शहीदहरूको सर्वोच्च बलिदानलाई सम्झन र उनीहरूको साहसबाट प्रेरणा लिन आग्रह गर्नुभयो।

**Pakyong-Kanooni Sahayog Abhiyan: IPR**

मुख्यमन्त्री प्रेमसिंह तामाङको मार्गदर्शनमा परिकल्पना गरिएको **कानुनी सहयोग अभियान** आज पाकिममा आयोजना गरियो। यो कार्यक्रम मुख्यमन्त्री कार्यालयको कानुनी सल्लाहकारको कार्यालयले कानुनी प्रकोष्ठसँगका सहकार्यमा सञ्चालन गरेको हो। सुन्दर, समृद्ध, समर्थ सिक्किम बनाउने सरकारको दृष्टिकोण अनुरूप सुरु गरिएको यस अभियानको उद्देश्य जमिनी तहमा न्याय सुनिश्चित गर्नु र नाशामुक्त सिक्किम निर्माणमा समुदायको सहभागितालाई प्रोत्साहित गर्नु हो। यस पहलले कानुनी सहयोगलाई सरल, पहुँचयोग्य र नि:शुल्क बनाएर जागरूकताभन्दा माथि उठी सशक्तिकरण र कार्यलाई जोर दिन्छ। यो अभियान आधारभूत कानुनी अधिकारबारे जागरूकता फैलाउने अनि नि:शुल्क कानुनी परामर्श र शपथपत्र सेवाहरू प्रदान गर्ने पक्षमा केन्द्रित छ। आजको कार्यक्रममा अन्तरक्रियात्मक सत्रहरू र कानुनी परामर्श सेवाहरू समावेश थिए, जसले सहभागीहरूलाई कानुनी विज्ञहरूसँग प्रत्यक्ष रूपमा संलग्न हुने मौका दियो।

**Aadi Karmayogi Abhiyan: IPR**

**आदि कर्मयोगी अभियान: उत्तरदायी सुशासन** अन्तर्गत जिल्ला प्रक्रिया प्रयोगशालाको तीनदिने जिल्ला स्तरीय अभिमुखीकरण कार्यक्रम आज मङ्गनमा सुरु भयो। उद्घाटन कार्यक्रममा जिल्लापाल, अनन्त जैन उपस्थित हुनुहुन्थ्यो। समाज कल्याण, ग्रामीण विकास, महिला तथा बाल, खाद्य सुरक्षा,

स्वास्थ्य, शिक्षा र जिल्ला प्रशासनको प्रतिनिधित्व गर्ने आठ मास्टर प्रशीक्षकहरू आज प्रशिक्षण अभ्यासका मुख्य प्रशीक्षक रहे, जसले सहभागीहरूलाई मोड्युलहरू मार्फत मार्गदर्शन गरे। **आदि कर्मयोगी अभियान** "आदिवासी सशक्तिकरणका लागि २० लाख परिवर्तन नेतृत्वहरूको मिशन-सञ्चालित कार्यकर्ता" सिर्जना गर्ने लक्ष्यमा केन्द्रित छ। जिल्ला प्रक्रिया प्रयोगशाला प्रशिक्षण गतिविधि-आधारित सिकाइ र सहभागितामूलक विधिहरूसहित डिजाइन गरिएको छ, जसले सहभागीहरूलाई आदि कर्मयोगी बन्न र २०४७ मा विकसित भारतको दृष्टिकोणलाई अगाडि बढाउन तयार पार्दछ। सम्बोधनमा, जिल्लापाल श्री जैनले अभियान अन्तर्गत आदिवासी मामिला मन्त्रालयका लक्ष्यहरूमाथि प्रकाश पार्नुभयो।

**Namchi Hospital Inaguration: Vishnu Neupane**

नयाँ नाम्ची जिल्ला अस्पतालको आधिकारिक उद्घाटन १७ सितम्बरमा राज्यपाल र मुख्यमन्त्रीद्वारा संयुक्त रूपमा भर्चुअली गरिने भएको छ। यसको जानकारी स्वास्थ्य विभागका सचिव छेवाङ ग्याछो डेन्जोङ्पाले दिनुभएको छ। श्री डेन्जोङ्पाले हिजो यस सन्दर्भमा अस्पतालको निरिक्षण पनि गर्नुभयो। उहाँले आकाशवाणी गान्तोक समाचार एकाइसँग कुरा गर्दै, नवनिर्मित जिल्ला अस्पतालमा अत्याधुनिक उपकरण र सेवाहरू उपलब्ध रहने अनि नाम्ची जिल्ला मात्र नभई पश्चिम सिक्किम र दार्जीलिङ जिल्लाबाट पनि धेरै बिरामीहरूले उपचार गर्न सक्ने जानकारी दिनुभयो। सचिव श्री डेन्जोङपालेले आजैदेखि अस्पतालका अन्तर विभागहरूको स्थान्तरण कार्य सुरु भएको जानकारी दिँदै, जिल्लाका मानिसहरूलाई केही दिन असहज हुने भए पनि अर्को सातादेखि कुनै कठिनाइ नहुने आशा व्यक्त गर्नुभयो। उहाँले जिल्लापाल अनुपा तामलिङलाई अस्पताल स्थान्तरणका क्रममा कुनै बाधा उत्पन्न नहुने व्यवस्था गर्न अनुरोध गरिएको पनि जानकारी गराउनुभयो।

**Mangan-Ethenpa: Wangchuk Bhutia**

मङ्गनले आज मङ्गन वरिष्ठ माध्यमिक विद्यालयका प्रधान अध्यापक कर्मा टेम्पो एथेन्पालाई प्रतिष्ठित राष्ट्रिय शिक्षक पुरस्कार २०२५ बाट सम्मानित भएकामा भव्य स्वागत जनाएको छ। उहाँलाई सर्वसाधारण र अधिकारीहरूले स्वागत गरे। मङ्गन वरिष्ठ माध्यमिक विद्यालयमा आयोजित स्वागत कार्यक्रममा शिक्षा विभागका प्रमुख कार्यकारी अधिकारी, विद्यालयका कर्मचारी, विद्यार्थी, एस.एम.सी र अधिकारीहरू उपस्थित थिए।

**आकाशवाणीबाट गान्तोकबाट समाचार पूरा भयो।**